नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. २६८

मितिः- २०७४।०८।१९

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै) ।
श्री महानगर/ उपमहानगर/ नगर/ गाँउपालिकाको कार्यालय, (सबै) ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ३८५ प.सं. ७१/२०७४/०७५ मिति २०७४।०४।१४ को पत्रानुसार प्राप्त व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको च.नं. ११८ मिति २०७४।०४।०१ को पत्रानुसार हरेक वर्षका महालेखा परीक्षकका प्रतिवेदनमा बेरुजुको अंक बढ्दै गइरहेको सन्दर्भमा निम्नानुसार लेखि आएकोले सोही बमोजिम निर्णय कार्यान्वयन गरी सो को जानकारी मन्त्रालयलाई दिनु हुन हुन अनुरोध छ ।

१. आ.व. शुरु भएको ६ महिना भित्र कूल बेरुजुको ८० प्रतिशत रकम फर्छयौट गर्नुपर्ने सार्वजनिक लेखा समितिको निर्देशन भएकोले सो अनुसारका लक्ष्य निर्धारण गरी बेरुजु फछर्यौट गर्ने रणनीतिक कार्ययोजना बनाई ७ दिनभित्र छिटो साधान मार्फत मन्त्रालय समक्ष पेश गर्ने ।

२. आगामी दिनमा लेखापरीक्षणको समयमा बेरुजु नहुने तर्फ सम्बन्धित निकायले सम्पूर्ण ध्यान केन्द्रित गर्ने र लेखापरीक्षणको समयमा कार्यालय प्रमुख, लेखाप्रमुख र अन्य सम्बन्धित कर्मचारी उपस्थित भई लेखापरीक्षण गराउने ।

३. कायम भएको बेरुजुलाई सम्बन्धित अधिकारी (कर्मचारी) को कार्यसम्पादनको मूल्याङ्कनको आधार बनाई नियुक्ती, सरुवा पदस्थापना र वृत्ति विकासको अवसर प्रदान गर्ने हुँदा यस कुरालाई मध्यनजर गरी कार्यसम्पादन गर्ने ।

४. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११६ बमोजिम आन्तरिक लेखापरीक्षण गराएर मात्र रमाना दिने व्यवस्था गर्ने भनी लेखी आएकोले सोही अनुसार कार्यान्वयनको व्यवस्था मिलाउने ।

५. महालेखा परीक्षकका प्रतिवेदनहरु उपर सार्वजनिक लेखा समितिमा हुने छलफललाई ६ महिनाभित्र सम्पन्न गर्ने गरी कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्ने भएकोले त्यस जिल्लाको बेरुजु फछर्यौट सम्बन्धमा सो अनुसारका कागजात तयार गरी समयमै मन्त्रालयमा पेश गर्ने ।

६. वित्तीय परिपालनाका लागि सार्वजनिक तथा सामाजिक लेखापरीक्षणको अवधारणा बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

७. गत विगत आ.व.मा लेखापरीक्षण गर्न बाँकी रहेको भए तुरुन्त लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने ।

ढुण्डी प्रसाद निरौला
उप सचिव (लेखा)

**बोधार्थः-**

श्री सूचना तथा विद्युतीय सुशासन शाखा : मन्त्रालयको Web Site मा राखिदिनुहुन ।